९८५८०३८१७८/९८५८०३८३७८

चामुण्डाविन्द्रासैनी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

जम्वुकाँध, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्रसंख्या : ०७६/०७७ (प्रशासन शाखा)
चलानी नं. : १०९९

मिति : २०७६/१२/२८

विषय : नगरपालिका क्षेत्रमा मौज्दात रहेको खाद्यवस्तुको विवरण संकलन तथा उपयोग सम्वन्धमा ।

विश्व समुदायमा महामारीको रूप लिएको कोरोना भाईसर (कोभिड-१९)को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले लकडाउन नेपाल कार्यान्वयन गरिरहेको सन्दर्भमा विश्व वजार लगायत नेपालमा समेत खाद्यान्नको उपलव्धतामा असहजता हुनसक्ने भएकोले यस नगरपालिका क्षेत्रमा हाल मौज्दात रहेको खाद्यवस्तुको एकिन गरि सो को सहि सदुपयोग गर्नको लागि यस नगरपालिकाका जनप्रतिनिधीहरू, नगरपालिकामा क्रियाशिल राजनीतिक दलहरू, नगरपालिका क्षेत्रमा खाद्यान्नको आपूर्ती तथा विक्री वितरण गर्ने व्यवसायीहरू, व्यवसायिक कृषकहरू तथा सर्वसाधारण जनताहरूलाई देहाय अनुसार गर्नु गराउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. यस नगरपालिकामा खाद्यान्नको आपूर्ती तथा विक्री वितरण गर्ने व्यवसायी तथा सर्वसाधारणहरूसँग हाल मौज्दात रहेको खाद्यान्न (गहुँ, मकै, जौं, कोदो, धान/चामल, दलहन, तेलहन, तरकारी तथा मासु/अण्डाजन्य) विवरण वडा कार्यालय मार्फत संकलन गरि ३ दिन भित्र यस नगरपालिकामा पेश गर्ने,

२. यस नगरपालिका क्षेत्रमा रहेका व्यपारीहरूले आफ्नो पसलवाट विक्री वितरण गरिने सामानहरुको मूल्यसूची सवैले देख्ने स्थानमा टाँस गर्ने र सोहि अनुसार कारोवार गर्ने,

३. कुनैपनि व्यक्तिले आफ्नो जमिनलाई अधिकतम उपयोग गरि वाँझो नछाड्ने,

४. नगरपालिकाको नीति अनुरूप, जैविकमैत्री आयमुलक हरियाली सडकको विकास एवं विस्तार गर्ने,

५. आफूसँग भएको खाद्यान्नको सहि सदुपयोग गर्ने,

६. यस नगरपालिकामा रहेको वनजंगललाई आयमुलक वनाउने,

७. खाद्यवस्तु लगायतका अन्य विभिन्न सेवाहरूमा कालोवजारी भएको पाईएमा यस नगरपालिका तथा प्रहरी चौकी जम्वुकाँधमा सोको जानकारी दिनुहुन यस नगरपालिका स्थित सम्पूर्ण जनप्रतिनिधी ज्यूहरू, राजनीतिक दलहरू, वुद्धिजिवी तथा सर्वसाधारणमा समेत अनुरोध छ ।

...................
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत